बकैया गाउँकार्यपालिकाको मिति २०७७।०१।१७ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. राहत वितरण सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा कोरोना भाइरस नियन्त्रणका लागि नेपाल सरकारले लागू गरेको लकडाउनको अवधिमा यस गाउँपालिका क्षेत्रमा दैनिक ज्यालादारी गरेर गुजारा गर्ने वासिन्दाहरुलाई राहत स्वरुप दैनिक आवश्यक पर्ने खाद्यान्न लगायतका सामाग्रीहरु विधिसम्मत ढंगले वितरणका लागि गाउँ कार्यपालिकाको मिति २०७६।१२।२४ गतेको बैठकले असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ पारित गरि मिति २०७७।०१।०४ गतेको बैठकको निर्णय अनुसार वडा विपद व्यवस्थापन तथा वडा आपूर्ति व्यवस्थापन समितीले संकलन गरेको विवरणको आधारमा वडा कार्यालय मार्फत राहत वितरण भएको तर लकडाउनको अवधि थप हुँदै गएकोमा छुटेका व्यक्ति तथा परिवारहरुलाई वितरणका लागि पुनः तपशिल बमोजिम खाद्य सामाग्रीहरु वडा कार्यालयमा पठाउने निर्णय गरियो ।

राहत वितरणका लागि वडामा पठाईने राहत सामाग्री विवरण

| वडा नं. | परिवार संख्या | चमल ३० केजी | तेल ली | आयोडीननुन प्याकेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | १०० | ५० | ५० | १०० | - |
| २ | ९० | ४५ | ४५ | ९० | |
| ३ | ५० | ३५ | २५ | - | साथै दाल ५० किलो र लाईफबाया साबुन ६० ओटा र सिबिन नेपालबाट प्राप्त १२ थान प्याकेज गाउँपालिकाको खाद्यान्न बैंकबाट उपलब्ध गराउने । |
| ४ | ११० | ५५ | ५५ | ११० | |
| ५ | २५३ | १२७ | १२७ | २५३ | |
| ६ | २६५ | १३३ | १३३ | २६५ | |
| ७ | ३५० | १७५ | १७५ | ३५० | |
| ८ | १११ | ७० | १० | १२० | |
| ९ | १०० | ५० | ५० | १०० | |
| १० | ९० | ४५ | ४५ | ९० | |
| ११ | १५३ | ७७ | ७७ | १५३ | |
| १२ | १५० | ७५ | ७५ | १५० | |
| जम्मा | १८२२ | ९३७ | ८६७ | १५९१ | |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

२. योजना संझौता सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाका चालु आर्थिक वर्ष २०७६।०७७ का कतिपय योजनाहरु हालसम्म शुरुवात नभएको अवस्थामा उक्त योजनाहरु बैशाख मसान्तभित्रमा संझौता गरि कार्य गर्ने निर्णय गरियो ।

३. कामदारहरुको नामावली संकलन सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा प्रत्येक वडा कार्यालयहरुले आ-आफ्नो वडा क्षेत्रका विभिन्न योजनाहरु सञ्चालनमा कार्यरत कामदारहरुको नामावली संकलन गर्ने गराउने तथा निजहरुलाई सामाजिक दुरी कायम गर्दै कोरोना भाईरसको संक्रमणबाट जोगिने किसिमको मापदण्ड कायम गर्दै काम लगाउने निर्णय गरियो ।

४. सूरक्षाकर्मीहरुलाई खाजा खर्च भुक्तानी सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा विश्वव्यापी कोरोना संक्रमणको वर्तमान परिस्थितीमा खटिने सुरक्षाकर्मीहरुलाई तपशिल बमोजिम हुने गरि ३० दिनको खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल:

| | | |
|---|---|---|
| हात्तीसुँडे प्रहरी चौकी, हात्तीसुँडे | ४ जना | प्रति व्यक्ती दैनिक रु. २००।- |
| ठिंगन ईलाका प्रहरी कार्यालय, ठिंगन | ४ जना | प्रति व्यक्ती दैनिक रु. २००।- |

५. जियो टेक्सटायल खरिद सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत गोठखोला थली सडक चौडा तथा स्तरोन्नतीको लागि ई-टेण्डर प्रकृयाबाट ठेक्का सञ्चालन भईरहेकोमा ईस्टमेटको क्रममा जियो टेक्सटायल छुट्न गएको तथा जियो टेक्सटायल विना ग्याविन वाल तथा सडक कमसल हुने भएकाले उक्त योजनाको लागि आवश्यक जियो टेक्सटायल गाउँपालिकाले नै खरिद गरि योजना कार्यान्वयनका लागि उपलब्ध गराउने निर्णय गरियो ।

६. टोटल स्टेशन खरिद सम्बन्धमा:-

प्रस्तुत विषयमा यस गाउँपालिकाले ऐलानी जग्गा नापजाँचका लागि सर्वेक्षक तथा अमिनको विज्ञापन प्रकृया अगाडी बढाएकोमा जग्गा नापजाँच तथा गाउँपालिकाका विभिन्न विकास योजना सञ्चालनमा समेत टोटल स्टेशन आवश्यक पर्ने हुँदा सो को खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

७. अस्थायी भवन सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँ कार्यपालिकाको मिति २०७६।०७।२० गतेको निर्णय नं. ११ बमोजिम गाउँपालिका कार्यालयको लागि क्यान्टिन तथा स्टोर निर्माणका लागि ठेक्का खोलिएको भए ता पनि गाउँपालिकालाई तत्कालको लागि क्यान्टिन भन्दा पनि सभाहलको आवश्यकता रहेकोले स्वीकृत

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

ठेक्काको दररेट बमोजिम नै हुन आउने परिमाणको मूल्यांकन गरि कार्य गराउने र बढि लागत पर्न गएमा स्वीकृत ठेक्काको दररेट ननाघ्ने गरि भुक्तानी गर्ने निर्णय गरियो ।

८. बसन खानेपानी योजना सञ्चालन सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गाउँकार्यपालिकाको मिति २०७६।१०।२० गतेको बैठकको निर्णय नं. १८ बमोजिम बसन खानेपानी योजनाको लागि इस्टमेट अनुसार गाउँपालिकाले रु. ५,१७,६९२।- व्यहोर्ने निर्णय भएकोमा ईन्टेक निर्माण तथा खानेपानीको श्रोत पूर्वप्रस्तावित डिजाईन भन्दा बढाउनुपर्ने साथै रिजर्भोयर ट्याङ्क सम्म सडक निर्माण गर्नपर्ने देखिएकोमा जम्मा ईस्टिमेटेड लागतमध्ये बढीमा रु. १०,२०,९३५।- गाउँपालिकाले व्यहोर्नुपर्ने भएकोमा उक्त योजना कार्यान्वयनको लागि समितिसङ्ग संझौता गरि कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

९. समपुरक अनुदान माग गर्ने सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा बागमती प्रदेश सरकारको "स्थानीय तहहरुले समपुरक अनुदान माग गर्दा प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ र "स्थानीय तहहरुले विशेष अनुदान माग गर्दा प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ बमोजिम आ.व. २०७७।७८ मा कार्यान्वियन हुने तपशिल अनुसारका आयोजना/कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

१. हात्तीसुँडे शिखरपुर मन्थली सडक स्तरोन्नती
२. हात्तीसुँडे सोवी कालीदमार ठिंगन सडक स्तरोन्नती
३. जुरेली थली घुम्ती सडक स्तरोन्नती
४. श्रीपुर कर्मचुली सुधा ज्यामिरे गडवान रतनपुरी सडक स्तरोन्नती
५. भिरकोट धियाल विजलडाँडा सडक स्तरोन्नती
६. ठिंगन मन्थली बेतिनी सडक स्तरोन्नती
७. बकैया ठाकुर मन्दिर पर्यटन पार्क, बकैया-१०
८. गौतम बुद्ध पर्यटन पार्क, बकैया-६
९. धनेश्वर पर्यटन पार्क, बकैया-७
१०. जुरेली खेल मैदान निर्माण, बकैया-४
११. ठाँटी खोला पुल, बकैया-५
१२. मन्थली ललितपुर पक्की पुल
१३. सुकौरा खोला जुइना कर्मचुली पुल, बकैया ५-६
१४. बान्द्रे खोला पुल
१५. घैटार बागमती पुल
१६. तीन भंगाले मन्थली झोलुङ्गे पुल

१०. १५ शैयाको अस्पताल भवन निर्माण सम्बन्धमा:-

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

दामोदर खनाल

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको छतिवन प्राथमिक स्वास्थ्य केन्द्र नेपाल सरकारबाट निर्णय भई १५ शैयाको अस्पतालको रुपमा स्तरोन्नती भैसकेको र उक्त अस्पतालका लागि १ विगाहा जग्गा प्राप्त भैसकेकाले सो स्थानमा अस्पताल भवन निर्माणको लागि सम्बन्धित निकायहरु समक्ष सिफारिश तथा अनुरोध गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष